# श्री सर्वोच्च अदालत संवैधानिक इजलासमा चढाएको

## निवेदन-पत्र

**विषयः- नेपालको संविधानसँग बाझिएको कानून अमान्य र बदर घोषित गरी पाउँ।**

| | |
|---|---|
| बागमती प्रदेश सरकारको तर्फबाट अख्तियार प्राप्त श्रम रोजगार तथा यातायात मन्त्री लक्ष्मण लम्साल ............... .............................. .............................................१ | निवेदक |

**विरुद्ध**

| | |
|---|---|
| नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार काठमाडौं............१<br>संघिय संसद सचिवालय, सिंहदरवार काठमाडौं.........................................................१<br>कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरवार काठमाडौं..........................१<br>भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरवार काठमाडौं..................................१<br>सङ्घीय राजधानी शहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरण, कमलादी, काठमाण्डौ .......१<br>सङ्घीय राजधानी शहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरण को प्रमुख कार्यकारी अधिकृत कुवेर नेपाली ..................................................................................................१ | प्रतिवादी |

**मुद्दाः- उत्प्रेषण/परमादेश।**

नेपालको संविधानको धारा १३३(१),(२),(३),१३७ (२) तथा सर्वोच्च अदालत (संवैधानिक इजलास संचालन) नियमावली २०७२ को नियम १५ बमोजिम निम्नानुसार निवेदन गर्दछु।

## १. संविधानको पृष्ठभूमीः

म निवेदक बागमती प्रदेश सरकारको श्रम, रोजगार तथा यातायात मन्त्री हुँ। लामो समय देखिको द्वन्द, व्यवस्थापनका सन्दर्भमा भएको राजनैतिक सहमतिको उपलब्धीको रुपमा गठन भएको जन निर्वाचित संविधानसभाले निर्माण गरी घोषणा गरेको नेपालको संविधानको मुल विशेषता मध्ये सङ्घीय, लोकतान्त्रिक, समावेशी, गणतन्त्रात्मक राज्य व्यवस्थाको परिकल्पना नै हो। सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्धारा दिगो शान्ती, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न संविधानसभाबाट पारीत गरी जारी भएको कुरा वर्तमान संविधानको प्रस्तावनाले अंगिकार गरेको छ। संविधानको धारा १(१) यो संविधान नेपालको मुल कानुन हो। यस संविधानसँग बाझिने कानुन बाझिएको हदसम्म अमान्य हुनेछ। संविधानको धारा १(२) ले यस संविधानको पालना गर्नु प्रत्येक व्यक्तिको कर्तव्य हुनेछ भन्ने व्यवस्था गर्दै धारा ४ ले नेपाल स्वतन्त्र, अभिभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्म निरिपेक्ष, समावेशी, लोकतान्त्रिक, समाजवाद उन्मुख, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुने घोषणा गरेको छ। संविधानको भाग-५, धारा ५६ ले राज्यको स्वरुप तथा राज्यशक्तिको बांडफाडको व्यवस्था गरेको छ। धारा ५६(१) ले ३ तहको सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको सरकारको परिकल्पना गरे अनुसार संविधानको अनुसूची-४ मा उल्लेख भएका जिल्ला समावेश गरी नेपाललाई ७ वटा प्रदेशमा रुपान्तरण गरेको कुरा धारा ५६ को उपधारा (३) ले गरेको पाइन्छ। उक्त ७ वटा प्रदेश मध्ये सङ्घीय राजधानी काठमाडौं सहित १३ वटा जिल्ला (दोलखा, रामेछाप, सिन्धुली, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, धादिङ्ग, चितवन, मकवानपुर, भक्तपुर, ललितपुर र कांठमाडौं) रहेको तत्कालको प्रदेश नं. ३ हाल नामाकरण भएको बागमती प्रदेश सरकार संविधान बमोजिम स्थापित भई संविधान र कानूनले दिएको अधिकार अनुसार क्रियाशिल रही आएको छ। १३ वटै जिल्लाबाट प्रत्यक्ष निर्वाचित र समानुपातिक प्रणालीबाट निर्वाचित सांसदले संविधानको अधिनमा रही सरकार निर्माणमा क्रियाशिल रही आएको छ। प्रदेश सभाले आवश्यकतानुसारको कानून निर्माण गर्दै आएको छ।

## २. प्रदेशको अधिकार क्षेत्रः

क. एकात्मक राज्य प्रणालीबाट सङ्घीय राज्य प्रणालीमा रुपान्तरण भएको नेपालको ३ तहको सरकारको परिकल्पना सँगै ३ वटै तहको सरकारको अधिकारको व्यवस्था गरेको छ। संविधानको धारा ५६(५) ले सामाजिक, सास्कृतिक संरक्षण वा आर्थिक विकासका लागि संङ्घीय कानून बमोजिम विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गरेको अवस्थामा

बाहेक प्रत्येक प्रदेशले धारा ५७(२) को अधिनमा रही अनुसूची-६ अन्तरगतको एकल अधिकार सूचीमा सूचीकृत विषयमा कानून बनाउने र प्रदेश तथा सिंगो मुलुक र देशवासीको समृद्धिको लागि क्रियाशिल हुनु प्रदेशको अधिकार र कर्तव्य पनि हो। सो धारा ५७(२), १६२(४), १९७, २३१(२), २३२(१), २७४(४) र २९६(४) ले दिएको अधिकार अनुसार अनुसूची-६ को विभिन्न २१ वटा खण्डमा उल्लेखित अधिकार मध्ये खण्ड २० मा उल्लेखित यातायात क्षेत्र सँग सम्बन्धीत विषय प्रदेशको भौगोलिक क्षेत्र भित्र सीमित रही प्रदेश सभाले प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन २०७५, प्रदेश सार्वजनिक सडक ऐन, २०७८ तथा प्रदेश सरकारले प्रदेश भाडा निर्धारण/समायोजन तथा विधुतीय माध्यामबाट भाडा भुक्तानी नियमावली २०७८, विधुतीय माध्यमबाट यातायात क्षेत्रको सेवा प्रवाह तथा राजस्व भुक्तानी नियमावली, २०७८, प्रदेश भाडा निर्धारण/समायोजन तथा विधुतीय माध्यमबाट भाडा भुक्तानी नियमावली, २०७८, नेपाल सरकार, प्रदेश यातायात सञ्चालन तथा व्यवस्थापन बोर्ड (स्थापना तथा कार्य सञ्चालन) आदेश, २०७७, सवारी चालक अनुमतिपत्र परीक्षा सञ्चालन प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७८, सवारी चालक अनुमतिपत्रको लिखित तथा प्रयोगात्मक परीक्षा स्थल (छनौट तथा सञ्चालन) कार्यविधि, २०७८, सार्वजनिक यात्रुवाहक विधुतीय ट्याक्सी सेवाको गुणस्तर, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८, प्रदेश भित्र सञ्चालन हुने (ट्याक्सी बाहेकका) साना यात्रुबाहक सार्वजनिक सवारी साधनको गुणस्तर, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९, हेभी इक्यूपमेन्ट (निर्माण उपकरण) चालक अनुमतिपत्र जारी गर्नको लागि लिइने प्रयोगात्मक तथा अन्तवार्ता परीक्षा सम्बन्धी मापदण्ड, २०७९, वागमती प्रदेश सरकार श्रम रोजगार तथा यातायात मन्त्रालयले प्रदेश भित्र सञ्चालन हुने सार्वजनिक सवारी साधनको भाडा निर्धारण तथा समायोजन गर्ने निर्णय (प्रदेश राजपत्र खण्ड ५ चैत्र २८ गते २०७८ साल सङ्ख्या ४०) लगायत नियम, निर्देशिका, मापदण्ड र कार्यविधि समेत बनाई यातायातलाई व्यवस्थित, पारदर्शी, जनमैत्री बनाउन बागमती प्रदेश सरकार क्रियाशिल रहेको छ। प्रदेश भाडा निर्धारण, समायोजन तथा विधुतीय माध्यमबाट भाडा भुक्तानी नियमावली, २०७८ को नियम ६(२) ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश सरकार श्रम, रोजगार तथा यातायात मन्त्रालयले विभिन्न मितिमा बजारको अवस्था, पेट्रोलियम पदार्थको मुल्य समेतलाई सम्बोधन गर्ने गरी काठमाडौं उपत्यका भित्र सञ्चालन हुने सार्वजनिक सवारी साधनको भाडादर निर्धारण गरी कार्यान्वयनमा आइरहेको छ भने बागमती प्रदेश भित्र

चल्ने अन्य विभिन्न रुटको सार्वजिनक सवारी साधनको भाडा दर निर्धारण गरी सोही अनुसार कार्यान्वयन भई आएको छ। संविधानको धारा ५७(२), अनुसूची-६ को खण्ड २० अन्तर्गत यातायातको व्यवस्थापनको लागि काठमाडौं उपत्यका लगायतका अन्य जिल्लाका यातायात व्यवस्था कार्यालयहरु र यातायात सेवा कार्यालयहरु बागमती प्रदेश सरकारलाई हस्तान्तरण भई क्रियाशिल रही आएको छ। यस अन्तर्गत काठमाडौं उपत्यका भित्र बागमती प्रदेश सरकार श्रम, रोजगार तथा यातायात मन्त्रालय मातहत विभिन्न ८ वटा कार्यालयहरु क्रियाशिल रही यातायातसँग सम्बन्धीत कार्यहरु गरी नियमित रुपमा राजश्व संकलन भई प्रदेश सञ्चित कोषमा नियमित रुपमा दाखिला हुदै आएको छ।

**निम्नानुसार**

| क्र.सं. | कार्यालयको नाम | मुख्य कार्यहरु | गत आ.व.मा संकलन गरेको राजश्व |
|---|---|---|---|
| १ | यातायात व्यवस्था कार्यालय सानाठुला सवारी, एकान्तकुना, ललितपुर | तीन पाङ्ग्रे वा सो भन्दा माथिका सवारी साधन सम्बन्धी (बा./प्रदेश ३-०१/बागमती प्रदेश ०१) सवारी दर्ता, नामसारी, नविकरण, सरुवा सहमति, पञ्जीकरण, रुट दर्ता, रुट नवीकरण, जाँचपास, प्रदुषण जाँच, लगतकट्टा लगायतका कार्यहरु | ३३९८३०७४११ |
| २ | यातायात व्यवस्था कार्यालय मोटरसाईकल, गुर्जुधारा, काठमाण्डौं | दुई पाङ्ग्रे सवारी साधन सम्बन्धी सवारी दर्ता, नामसारी, नवीकरण, सरुवा सहमति, पञ्जीकरण, रुट दर्ता, रुट नवीकरण, जाँचपास, प्रदुषण जाँच, लगतकट्टा लगायतका कार्यहरु | २००१२८९३८७ |
| ३ | यातायात व्यवस्था कार्यालय सवारीचालक अनुमतिपत्र, एकान्तकुना, ललितपुर | सवारी चालक परीक्षा सञ्चालन, सवारी चालक अनुमतिपत्र वितरण, नवीकरण लगायतका कार्यहरु | ३९३७१२७७६ |
| ४ | यातायात व्यवस्था कार्यालय सवारीचालक अनुमतिपत्र, राधेराधे, भक्तपुर | | २९१३१ ५२१३ |
| ५ | यातायात व्यवस्था कार्यालय सवारीचालक अनुमतिपत्र, चाबहिल, | | ४००९४६१०० |

| | | | |
|---|---|---|---|
| | काठमाण्डौ | | |
| ६ | यातायात व्यवस्था | | २७७०१ |
| | कार्यालय सवारीचालक अनुमतिपत्र, ठुलो भऱ्याङ, काठमाण्डौ | | ७१०१ |
| | यातायात व्यवस्था सेवा कार्यालय, सल्लाघारी, भक्तपुर | सवारी साधनहरुको कर तथा नवीकरण, जाँचपास, रुटपरमिट तथा नवीकरण, पञ्जिकरण साथै साना चारपाङ्ग्रे निजि सवारीको प्रदुशण चेकको कार्य | २३५६२४९४५२ |
| | यातायात व्यवस्था सेवा कार्यालय, सानो भऱ्याङ, काठमाण्डौ | सवारी साधनहरुको कर संकलन तथा नवीकरण, बाटो इजाजत पत्र नवीकरण, प्रदुषण परीक्षण (सार्वजनिक साधन बाहेक),सवारी जाँचपास(ट्याक्सी मात्र) | २००८५९२०८० |
| काठमाडौं उपत्यका भित्रको जम्मा रकम | | | १११२७४२९५२० |

काठमाडौं उपत्यका भित्रको जम्मा रकम : १११२७४२९५२० (अक्षरेपी एघार अर्व बाह्र करोड चौहत्तर लाख उनन्तीस हजार पाँच सय वीस मात्र) (८८.७७%)

कुल जम्मा : १२५३५३३६४०५ (अक्षरेपी बाह्र अर्व त्रीपन्न करोड त्रीपन्न लाख छतीस हजार चार सय पाँच मात्र) (१००%)

यसं प्रकार प्रदेश सरकारको महत्वपूर्ण आम्दानी (राजश्व) को १४% हिस्सा यातायात क्षेत्रबाट संकलन हुने गरेकोमा हाल निर्माण भएको **"शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण ऐन, २०७९** कार्यान्वयनमा आउदा काठमाडौं उपत्यकाको सम्पूर्ण यातायात व्यवस्थापन तथा राजश्व समेत उक्त प्राधिकरणंमा जम्मा हुने हुदाँ प्रदेश सञ्चालनको लागि आवश्यक बजेट न्यून हुने तथा संविधालने प्रदेशलाई दिएको अधिकार नै संकुचन भई अतिक्रमण हुने स्पष्ट छ।

**ख. सङ्घीय सरकारको असंवैधानिक कार्यः**

क. यस प्रकारले संविधानले दिएको अधिकारको सीमा भित्र रही प्रदेश सरकारले यातायात सम्बन्धी प्रदेश भित्रको यातायात व्यवस्थापन गरी आएकोमा बागमती प्रदेशको १३ वटा जिल्ला मध्ये काठमाडौं उपत्यकाको ३ जिल्लालाई बागमती प्रदेशबाट झिकी, अलग गरी उपत्यका भित्र संचालन हुने सार्वजनिक यातायात संचालन/व्यवस्थापन सम्बन्धी सम्पूर्ण अधिकार सङ्घीय सरकार मातहत रहने गरी **"शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण ऐन, २०७९"** बनाई सङ्घीय संसदबाट पारीत गराई लागु गर्न खोजेको पाईन्छ। सो ऐन अनुसार उपत्यका

भित्र संचालन हुने सार्वजनिक यातायातको समग्र व्यवस्थापन सङ्घीय सरकारले सो कानून अनुसार गठन गर्ने प्राधिकरण मातहत ल्याई सो प्राधिरकणले संचालन गर्ने भन्ने प्रस्तावना र यसको उद्धेश्यबाट देखिन्छ। संविधानको धारा ५७(१) र धारा १०९ बमोजिम संघिय संसदलाई अनुसूची-५ मा उल्लेखित अधिकारमा सिमित रही कानून बनाउन पाउने देखिन्छ। अनुसूची-५ को खण्ड २० मा राष्ट्रिय यातायात नीति, रेल तथा राष्ट्रिय लोकमार्गको व्यवस्थापन सम्बन्धी कानून बनाई नीति नियम लागु गर्न सक्ने देखिन्छ। यस अन्तर्गत विभिन्न प्रदेशहरुलाई समन्वय हुने गरी यातायात नीति निर्माण गर्ने, प्रवेश र प्रदेश बहिर्गमनको नीति बनाउने, एक प्रदेशबाट अर्को प्रदेश हुँदै विभिन्न प्रदेशमा प्रवेश गर्ने सार्वजनिक यातायात सम्बन्धित नीति निर्धारण गर्ने आदि विषय पर्ने देखिन्छ। प्रदेश भित्रको कुनै अमुक स्थान वा जिल्लाको सार्वजनिक यातायातको व्यवस्थापनको अधिकार संविधानको धारा ५७(१) र अनुसूची ५ को खण्ड २० ले सङ्घीय सरकारलाई प्रदान गरेको पाईदैन्।

ख. सङ्घीय संसदवाट जारी भएको "शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण ऐन, २०७९" नामले समग्र शहरी क्षेत्रको यातायात व्यवस्थापन गर्न खोजिए जस्तो गरी जारी गरिएको देखिएतापनि उक्त ऐनले मुख्य गरी काठमाडौं उपत्यकाको सार्वजनिक यातायात संघिय सरकार मातहत राखि व्यवस्थापन गर्ने दुषित मनसायका साथ जारी गरिएको कुरामा कुनै दुविधा हुन सक्दैन। जुन कुरा संविधानको धारा ५६, ५७(१)(२) अनुसूची ५ र ६ को प्रतिकुल छ। संविधानले निर्धारण गरेको वागमती प्रदेशको १३ वटा जिल्लाबाट काठमाडौं उपत्यकाको ३ जिल्ला कटाई १० जिल्ला मात्र कार्यक्षेत्र हुने गरी जारी गरिएको कानुनले संविधानको नै संशोधन हुन गएको छ। जुन वर्तमान संविधानले स्वीकार गर्दैन र संविधानवादको मर्म र सिद्धान्तले पनि ग्रहण गर्न सक्दैन।

ग. संविधानको भाग २०, धारा २३१ ले संघ र प्रदेश वीचको व्यवस्थापकीय अन्तरसम्बन्धको सम्बन्धमा व्यवस्था गरेको छ। त्यस्तै धारा २३२(१) ले संघ, प्रदेश र स्थानीय तह वीचको सम्बन्ध सहकारिता, सह-अस्तित्व र समन्वयको सिद्धान्तमा आधारीत हुनेछ भन्ने संवैधानिक व्यवस्था गरिएको छ। सङ्घीय संसदले जारी गरेको उक्त ऐन मुख्यतः बागमती प्रदेशको संवैधानिक अधिकार संकुचन गर्ने गरी अप्रत्यक्ष तवरले संविधान नै संशोधन हुने गरी कानून बनाउँदा वागमती प्रदेशसँग कुनै समन्वय र सहकार्य गरिएको छैन्। बागमती प्रदेशको १३ वटा

जिल्ला मध्ये काठमाडौं उपत्यकाको ३ वटा जिल्ला केन्द्र मातहतमा राख्नु भनेको प्रदेश सरकारलाई आफ्नो कार्य क्षेत्रमा असफल बनाउने निहित सोचले काम गरेको स्पष्ट छ। जुन वर्तमान संविधानको प्रस्तावना, धारा १, ४, ५६(१), २३१, २३२, २८८ लगायत संवैधानिक सर्वोच्चताको सर्वमान्य सिद्धान्त तथा वर्तमान संविधानको मुल मर्म र भावना समेत प्रतिकुल छ।

घ. कानुन निर्माण गर्दा संविधान, संविधानवादको सिद्धान्त, कानुन र न्यायको सिद्धान्त विपरित हुने गरी कानुन वनाउन पाइने होइन। विपक्षी नं ४ ले आवश्यकताको पहिचान गरी मन्त्रिस्तरीय निर्णय गरी विपक्षी नं ३ संग सैद्धान्तिक सहमतीको लागि पेश गर्ने र विपक्षी नं ३ ले संविधान, कानुन र संविधानवादको सिद्धान्त समेतको विश्लेषण गरी सैद्धान्तिक सहमती दिनु पर्ने हो। यसरी विपक्षी नं ४ ले संविधानसँग वाझिने कानुन स्विकृतीको लागि पेश गरेको र विपक्षी नं ३ ले सैद्धान्तिक सहमती दिएको र विपक्षी नं १ ले सैद्धान्तिक सहमती प्रदान गरेको देखिन्छ। विपक्षी नं ३ र ४ ले कानुनको मस्यौदा वनाउँदा संविधानसँग नवाझिने गरी वनाउनु पर्नेमा त्यसो नगरी संविधानसँग प्रत्यक्ष रुपमा वाझिने गरी वनाइ विपक्षी नं १ ले समेत स्विकृत गरेको देखिन्छ। संविधान विपरित हुने गरी विपक्षी नं ४ ले संघिय संसदमा पेश गरेकोमा विपक्षी नं २ ले संविधानसँग वाझिने गरी कानुन निर्माण गरेको देखिन आउछ। यसैगरी संविधानसँग बाझिएको कानून बमोजिम गठित विपक्षी ५ र ६ नम्बरले बागमती प्रदेश सरकारको अधिकार कुण्ठित हुने गरी कार्य गरेको देखिन्छ। यसरी संविधानसँग वाझिने गरी यो ऐन जारी गर्दा विपक्षी नं १, २, ३, ४, ५, ६ को बागमती प्रदेश सरकारको अधिकारलाई हस्तक्षेप गर्ने दुरासययुक्त भुमिका रहेको स्पष्ट छ ।

ङ. नेपाल सरकारबाट जारी भएको संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ४ मा कानून वा नीति बनाउदा विचार गर्नुपर्ने शिर्षक अन्तर्गत उपदफा (१) को खण्ड (क) मा संघले आफ्नो एकल वा साझा अधिकारको विषयमा कुनै कानून वा नीति बनाउँदा संविधान तथा सो ऐन बमोजिमका अन्य कुराका अतिरिक्त "प्रदेश तथा स्थानीय तहको एकल अधिकारको अतिक्रमण नगर्ने" स्पस्ट व्यवस्था हुँदा हुदै सो कानूनी व्यवस्थाको विपरित संविधानले प्रदेशलाई दिएको एकल अधिकारमा हस्तक्षेप गरी बनाएको कानून संविधान विपरीत र नेपाल सरकारले स्वीकार गरी कार्यान्वयनमा गएको सङ्घीय इकाई वीचको समन्वय हुन नसक्ने र सङ्घीयताको मर्म विपरीत रहेको स्पस्ट छ।

४. माग गरिएको उपचारः

क. माथि उल्लेखित संवैधानिक प्रावाधानको शब्द, मर्म, भावना तथा त्यसमा अन्तरनिहित संवैधानिक मुल्य मान्यता, संविधानले परिकल्पना गरेको सङ्घीय शासन प्रणाली, संघ र प्रदेश विच हुनुपर्ने समन्वय, सहअस्तित्व र सहकार्यको मर्म र भावनाको समेत प्रतिकुल भएको हुँदा सङ्घीय कानूनद्वारा संविधान नै संशोधन भई विकृत हुने गरी केन्द्रिय राजधानी रहेको प्रदेश बागमती प्रदेशको संवैधानिक अस्तित्व नै संकटमा पार्ने गरी भौगोलिक क्षेत्रफल नै कटौति हुने गरी संविधानको अनुसूची-५ को खण्ड २० तथा अनुसूची-६ को खण्ड २० को मर्म र भावना विपरित यातायात व्यवस्थापन जस्तो प्रदेशको एकल अधिकार क्षेत्र अन्तरगत रहि कार्यान्वयनमा आईसकेको विषयलाई संविधान प्रतिकुल कानून जारी गरी प्रदेशको अधिकार संकुचन गर्ने गरी "शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण ऐन, २०७९" जारी गरेको हुँदा सो ऐन जारी भई लागू हुँदा प्रदेश मातहत उपत्यकामा रहेको यातायात व्यवस्था कार्यालय, यातायात सेवा कार्यालयको अधिकार संकुचन भई औचित्यहीन समेत हुने हुँदा सो ऐन समग्रमा उपत्यकाको सार्वजनिक यातायातको साधनको केन्द्रिकरण गर्ने, संघ मातहतमा सम्पूर्ण यातायात र रुट राख्ने भन्ने नै हुँदा सो ऐन माथि उल्लेख भएनुसार संविधानको मर्म भावना र अक्षरको समेत प्रतिकुल हुँदा संविधानको धारा १३३(१) बमोजिम यो रीट निवेदन लिई उपस्थित भएको छु।

ख. संविधानसँग बाझिने गरि संघिय संसदबाट जारी गरिएको "शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण ऐन, २०७९" को नाममा रहेको "व्यवस्थापन" भन्ने शब्द, प्रस्तावनामा रहेको "शहरी क्षेत्रमा सार्वजनिक यातायात सेवालाई सहज, पहुँचयोग्य, यात्रुमैत्री, विश्वसनीय लागतप्रभावी र सुरक्षित बनाई व्यवस्थापन, विकास तथा विस्तार गर्न" भन्ने वाक्यांश, दफा १ को उपदफा (१) मा रहेको "व्यवस्थापन" भन्ने शब्द, दफा २ को खण्ड (ठ) र (ड), दफा ३ को उपदफा (१) को "व्यवस्थापन" भन्ने शब्द, ऐ. दफाको उपदफा (२) र (३), दफा ५ को उपदफा (१) को देहाय (ख), (ग), (घ), (ङ), (च), (झ), (ञ), (ट), (ठ), (ड), (ढ), (ण), (त), (थ), (द), (ध), (न), (प), (फ), (ब), (भ), (म), (य), (र), दफा ६ को उपदफा (१) र (२), दफा ७ को उपदफा (१) को "व्यवस्थापन" भन्ने शब्द, दफा १० को उपदफा (२) को देहाय (ख), (ङ), (च), (छ), (ज), परिच्छेद ५ को शिर्षकमा "सङ्घिय राजधानी" भन्ने शब्दहरु, दफा १२ को "विशेष व्यवस्था" भन्ने शब्दहरु, ऐ. दफा को उपदफा १ को "सार्वजनिक यातायात सेवालाइ नियमन तथा व्यवस्थापन" भन्ने वाक्यांश, दफा १३ को उपदफा १ को "व्यवस्थापनको लागि सङ्घिय राजधानी शहरी क्षेत्र सार्वजनिक

शहरी क्षेत्र सार्वजनिक यातायात परिषद" भन्ने वाक्यांश, ऐ. दफाको उपदफा (२) को (क), (ख), (ग), (ठ), ऐ. दफा को उपदफा (४) को (काठमाण्डौ,ललितपुर र भक्तपुर जिल्लाबाट प्रतिनिधित्व गर्ने सङ्घीय संसदका सदस्य, प्रदेश सभाका सदस्य, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कुनै निकाय), दफा १६ को उपदफा (१) को (ढ), (ण), (त), (थ), (द), दफा १८, दफा १९ को "स्थानीय तहसँग समन्वय गरी" भन्ने वाक्यांश, दफा २०, दफा २१, दफा २३ नेपालको संविधानसँग प्रत्यक्ष रुपमा बाझिएको हुँदा बाझिएको हद सम्म नेपालको संविधानको धारा १३३(१) बमोजिम प्रारम्भ भएको मिति देखी अमान्य र बदर घोषित गरी पाउँ ।उक्त संविधानसँग बाझिएको कानुन बाझिएको हद सम्म कार्यान्वयन नगर्नु/नगराउनु भनि उत्प्रेषण, परमादेश लगायत जो चाहिने आज्ञा आदेश पुर्जि जारी गरी संविधानको संरक्षणका साथै संविधानले नै प्रदेश सरकारलाई दिएको अधिकार संरक्षण गरी पाउँ।

ग. हाल बागमती प्रदेश सरकार मातहत काठमाडौं उपत्यकामा यातायात व्यवस्थापनको लागि ८ वटा यातायात व्यवस्था कार्यालय र यातायात सेवा कार्यालयहरु क्रियाशिल छन्। बागमती प्रदेश सरकारले यातायात व्यवस्थालाई चुस्त, दुरुस्त राख्न आवश्यक ऐन जारी गरी रुट परमिट दिने, विद्युतीय माध्यमबाट भाडा भुक्तानी गर्ने, वैज्ञानिक तवरले भाडा निर्धारण/समायोजन गर्ने आदी कार्य कानून र नियम निर्माण गरी क्रियाशिल भई आएको अवस्थामा सम्मानित अदालतबाट अन्तरिम आदेश जारी नहुँदाको अवस्थामा संविधानवादको मर्म र भावना विपरित बागमती प्रदेश सरकार मातहतको सांगठनिक संरचनामा परिवर्तन हुने, प्रदेश सरकारको संवैधानिक एकल अधिकारमा प्रत्यक्ष हस्तक्षेप हुने, प्रदेश संचित कोषको स्वरुप नै परिवर्तन हुने, प्रदेश सरकारको स्वामित्व हस्तान्तरण भइ तेस्रो पक्षको अधिकार श्रृजना हुने, गैरसंवैधानिक कार्यले निरन्तरता पाई रहनुका साथै प्रदेश सरकारको हक अधिकारमा पुगेको क्षति निरन्तर वढि रहने भई प्रदेश सरकारलाई अपुरणीय क्षति (Irreparable loss) हुने र अन्तिम निर्णय हुँदाको अवस्थामा रिट निवेदनको पक्षमा आदेश जारी भए पनि निर्णय कार्यान्वयन नै असम्भव वा जटिल हुन सक्ने अवस्थालाई दृष्टिगत गरि सुविधा र सन्तुलन (Balance of Convenience) निवेदक कै पक्षमा रहेको, विपक्षीले गरेको कार्यमा कानुनको स्पष्ट त्रुटी भएको (Apparent error of law) प्रथम दृष्टीमा (Prima Facie) नै देखिएको हुँदा "शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण ऐन, २०७९" ले परिकल्पना गरेको संघिय राजधानी शहरी क्षेत्र सार्वजनिक यातायत प्राधिकरण सम्बन्धी विशेष व्यवस्था बमोजिम प्रदेश सरकार मातहत रहि कृयासिल यातायात कार्यालयहरुमा

हस्तक्षेप गरि प्राधिकरण मातहत ल्याउने र उक्त कार्यालयहरुबाट संकलन भइ आएको राजस्वमा समेत हस्तक्षेप गर्न सक्ने प्रवल सम्भावना रहेकोले नेपालको संविधानको धारा ५७(२), अनुसूची-६ को खण्ड २० अन्तर्गत यातायातको व्यवस्थापनको लागि बागमती प्रदेश सरकारलाई हस्तान्तरण भइ श्रम रोजगार तथा यातायात मन्त्रालय मातहत काठमाडौं उपत्यकामा कृयासिल यातायात कार्यालयहरुमा कुनै प्रकारको हस्तक्षेप नगर्नु/नगराउनु, नियमित रुपमा राजस्व संकलन गर्न दिनु, प्रदेश सरकार मातहत कृयासिल रहि कार्यरत कुनै पनि कार्यालयहरुमा हस्तक्षेप गर्ने लगायतका कुनैपनि काम कारबाहि नगर्नु/नगराउनु, संविधानसँग वाझिएको ऐन बमोजिम गठित सङ्घीय राजधानी शहरी क्षेत्र यातायात प्राधिकरणले यातायात व्यवस्थापन संग सम्बन्धीत कुनै निर्णय गरेको भए सो निर्णय कार्यान्वयन नगर्नु/नगराउनु यथास्थितीमा राख्नु, यातायात व्यवस्थापन संग सम्बन्धित्त कुनै पनि निर्णय/नगर्नु नगराउनु भनि प्रस्तुत मुद्दाको अन्तिम किनारा नभए सम्म विपक्षीहरुका नाममा सर्वोच्च अदालत (संवैधानिक इजलाश संचालन) नियमावली २०७२ को नियम १९(४) बमोजिम अन्तरिम आदेश जारी गरी पाउँ।

५. रीट निवेदन संग सम्बन्धीत संविधान, कानून:

(क) संविधानको प्रस्तावना, धारा १, धारा ४(१), धारा ५६, धारा ५६(२), ५६(३), धारा २३१, धारा २३२, अनुसूची-४, अनुसूची-५, अनुसूची-६(२०),

(ख) प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५,

(ग) प्रदेश भाडा निर्धारण/समायोजन तथा विद्युतीय माध्यमबाट भाडा भुक्तानी नियमावली, २०७८,

(घ) बागमती प्रदेश सरकार श्रम, रोजगार तथा यातायात मन्त्रालय बागमती प्रदेशको मन्त्री स्तरीय निर्णयबाट पटक-पटक भएको भाडा निर्धारणको निर्णय (प्रदेश राजपत्र, खण्ड ५, मिति २०७८।१२।२८, २०७८ संख्या- ४० समेत।

६. निम्न प्रमाण कागजात पेश गरिएको छ :

(क) बागमती प्रदेश सरकारको तर्फवाट माननीय मन्त्रीज्यूलाइ रिट मुद्दा दर्ता गर्न अख्तियारी दिने गरी भएको मिति २०८०/५/२७ मन्त्रीपरिषदको निर्णयको प्रतिलिपि।

(ख) प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन २०७५।

(ग) प्रदेश सार्वजनिक सडक ऐन, २०७८ ।

(घ) प्रदेश भाडा निर्धारण/समायोजन तथा विद्युतीयमाध्यामबाट भाडा भुक्तानी नियमावली २०७८।

(ङ) विद्युतीय माध्यमबाट यातायात क्षेत्रको सेवा प्रवाह तथा राजस्व भुक्तानी नियमावली, २०७८

(च) प्रदेश भाडा निर्धारण/समायोजन तथा विद्युतीय माध्यमबाट भाडा भुक्तानी नियमावली, २०७८

(छ) नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको च.नं. ३४० मिति २०८०/०३/२४ को पत्रको प्रतिलिपि।

(ज) प्रदेश यातायात सञ्चालन तथा व्यवस्थापन बोर्ड (स्थापना तथा कार्य सञ्चालन) आदेश, २०७७

(झ) सवारी चालक अनुमतिपत्र परीक्षा सञ्चालन प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७८

(ञ) सवारी चालक अनुमतिपत्रको लिखित तथा प्रयोगात्मक परीक्षा स्थल (छनौट तथा सञ्चालन) कार्यविधि, २०७८

(ट) सार्वजनिक यात्रुवाहक विद्युतीय ट्याक्सी सेवाको गुणस्तर, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८

(ठ) प्रदेश भित्र सञ्चालन हुने (ट्याक्सी बाहेकका) साना यात्रुबाहक सार्वजनिक सवारी साधनको गुणस्तर, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९

(ड) हेभी इक्यूपमेन्ट (निर्माण उपकरण) चालक अनुमतिपत्र जारी गर्नको लागि लिइने प्रयोगात्मक तथा अन्तवार्ता परीक्षा सम्बन्धी मापदण्ड, २०७९

(ढ) वागमती प्रदेश सरकार श्रम रोजगार तथा यातायात मन्त्रालयले प्रदेश भित्र सञ्चालन हुने सार्वजनिक सवारी साधनको भाडा निर्धारण तथा समायोजन गर्ने निर्णय अनुसार प्रकाशित प्रदेश राजपत्र खण्ड ५ चैत्र २८ गते २०७८ साल सङ्ख्या ४० को प्रदेश राजपत्र।

(ण) बागमती प्रदेश श्रम रोजगार तथा यातायात मन्त्रालय मातहत रहेका कार्यालयहरुको संगठन संरचना देखिने तेरिजको प्रतिलिपी थान १।

७. यो रीट निवेदन ईजलास समक्ष पेश हुँदा प्रदेश मुख्य न्यायाधिवक्ता लगायत नियुक्ति हुने कानुन व्यवसायीको वहस बुँदालाई समेत यसैको अभिन्न अंग मानी पाउँ।

**निवेदक**

...................

लक्ष्मण लम्साल

मन्त्री, श्रम रोजगार तथा यातायात मन्त्रालय

बागमती प्रदेश सरकारको तर्फबाट अख्तियार प्राप्त पदाधिकारी

सर्वोच्च अदालत

रिट दर्ता शाखा

टिप्पणी र आदेश

रिट नं. ०८०-WC-००२५

विषय: उत्प्रेषण परमादेश

बागमती प्रदेश सरकारको तर्फबाट अ. प्रा. श्रम रोजगार तथा यातायात मन्त्री लक्ष्मण लम्साल ------निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरबार काठमाडौं समेत ----------------------------विपक्षी

यसमा यो निवेदनपत्र जाँची हेर्दा सर्वोच्च अदालत (संवैधानिक ईजलास संचालन) नियमावली, २०७२ बमोजिम ढाँचा मिलेको र धरौटी बापत दाखिल हुन आएको रु. ५०००।– ( पांच हजार रुपैयां ) नेपाल राष्ट्र बैंकमा दाखिला गर्न सर्वोच्च अदालत नगदी शाखामा बुझाई प्रस्तुत निवेदन पत्र दर्ता दायरीमा दर्ता गरि नियम बमोजिम संवैधानिक इजलास समक्ष पेश गर्नु ।

# सर्वोच्च अदालत

## ( रिट दर्ता शाखा )

मुद्दा महाशाखा
फोन नं ०१-४२६२४९०
फ्याक्स नं ४२६२३६२

च.नं:-

मितिः२०८०/०७/१२

विषयः– धरौटी रकम सम्वन्धमा ।

श्री लेखा शाखा
सर्वोच्च अदालत।

प्रस्तुत विषयमा रिट निवेदक बागमती प्रदेश सरकारको तर्फबाट अ. प्रा. श्रम रोजगार तथा यातायात मन्त्री लक्ष्मण लम्साल विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरबार काठमाडौं समेत भएको उत्प्रेषण परमादेश संवैधानिक रिट निवेदन दर्ता बापत निवेदकको तर्फबाट रु.५,०००/- (पाँच हजार) नगद धरौटी लिई धरौटीमा आम्दानी बाँधी सो को रसिद यस शाखामा पठाइदिनुहुन अनुरोध छ।

शाखा अधिकृत

श्री

# सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

कार्यालय कोड नं. २०४००३५०१

## नगदी रसिद (धरौटी)

रसिद नं. 7052

मिति 2080/6/12

आ.व. ... ... ... ... ... ...

वादी बागमती प्रदेश सरकार प्रतिवादी ~~...~~ प्रधानमन्त्री

सँगको ... ... ... ... मुद्दा मि.नं. मन्त्री परिषद्को कार्यालय

निम्न बमोजिम रू. 5000/- अक्षरेपी पाँच हजार मात्र

प्राप्त भयो ।

...............................

बुझाउनेको सही

बुझिलिनेको सही

अनुसूची १०

## राष्ट्रिय वाणिज्य बैंक लि.

शाखा कार्यालय ......................

एकल कोष खाता भौचर

दोस्रो प्रति खाता

(जम्मा गर्ने पठाउने कार्यालयको लागि)

भौचर नं. ......

खाता नम्बर 08223099

| वर्ष | महिना | गते |
|---|---|---|
| 2080 | 6 | 12 |

खाता संचालन गर्ने कार्यालयको नाम ......................

उपरोक्त हिसाबमा जम्मा हुने गरी बुझाउन ल्याएको देहायको रकम बुझिलियौं ।

| | रु. | | | | | | | | | पै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| चेक/ड्राफ्ट नं. | | | | | | | | | | |
| नगद रु. नगद | — | | — | | - | 5 | 0 | 0 | 0 | — |
| जम्मा | | | | | | | | | | |

अक्षरुपी जम्मा रु. पाँच हजार मात्र ........................ मात्र ।

बापत धरौटी रकम

रकम जम्मा गर्न पठाउने कार्यालयको नाम: रिट नं. ...

| सर्वोच्च अदालत, रामशाहपथ, काठमाडौं |
|---|

रकम जम्मा गर्न पठाउने कार्यालयको कोड नं. २ ० ४ ० ० ३ ५ ० १

रकम बुझाउने व्यक्तिको नाम र फोन नं. 9842802860

बैंकको छाप रु.

दस्तखत

मिति

बैंक अधिकृत

बैंक अधिकृत

रकम बुझाउनेको दस्तखत